नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

मंसिर १५, २०८२

१. श्री सभापतिजी, प्रदेश कार्यसमिति
(सबै प्रदेशका लागि) ।

२. श्री सभापतिजी, जिल्ला कार्यसमिति
(सबै जिल्ला लागि) ।

३. श्री सभापतिजी, प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति
(एक भन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएका सबै प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिहरुका लागि) ।

४. श्री सभापतिजी, प्रदेश सभा क्षेत्रीय कार्यसमिति
(सबै प्रदेश सभा क्षेत्रका लागि) ।

**विषय : प्रतिनिधि सभा सदस्य पदको निर्वाचनका लागि प्रत्यक्ष र समानुपातिकतर्फ तथा राष्ट्रिय सभा सदस्य पदका उम्मेदवारको नाम सिफारिस गर्ने सम्बन्धमा ।**

प्रिय साथी,

आगामी २०८२ फागुन २१ गते प्रतिनिधि सभा सदस्य तथा २०८२ माघ ११ गते हुने राष्ट्रिय सभा सदस्यको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचन आयोग लगायत सम्बन्धित सरकारी निकायहरु तथा राजनीतिक दलहरु समेत आ-आफ्नो क्षेत्र र जिम्मेवारी अनुसारको कार्यमा क्रियाशील रहेको व्यहोरा अगवत नै छ ।

यसै सन्दर्भमा, निर्वाचन आयोगद्वारा प्रतिनिधि सभा सदस्य निर्वाचनको प्रत्यक्ष र समानुपातिक दुवै तर्फको तथा राष्ट्रिय सभा सदस्यको निर्वाचन कार्यक्रम समेत प्रकाशित गरिसकेको छ । यसर्थ, **नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको २०८२ मंसिर १५** गते बसेको बैठकले पार्टी विधानको व्यवस्था बमोजिम मातहतका सम्बन्धित पार्टी निकायलाई उम्मेदवारको नाम सिफारिस गर्न निर्देश गर्ने भनी निर्णय गरे अनुसार, प्रतिनिधि सभा सदस्य पदका लागि प्रत्यक्ष र समानुपातिकतर्फ तथा राष्ट्रिय सभा सदस्य पदका लागि देहाय बमोजिमको प्रक्रिया पुरा गरी उम्मेदवारको नाम तोकिएको मितिभित्र आफु भन्दा माथिल्लो निकायमा अनिवार्य सिफारिस गर्नु हुन यो परिपत्र गरिएको छ ।

**१. प्रतिनिधि सभा सदस्य पदको प्रत्यक्ष र समानुपातिकतर्फको उम्मेदवारको नाम सिफारिस प्रक्रिया सम्बन्धमा :**

१.१ पार्टी विधानको धारा ३२ (८) (क) बमोजिम प्रतिनिधि सभा सदस्यको प्रत्यक्ष (पहिलो हुने निर्वाचित हुने) र समानुपातिकतर्फको उम्मेदवारीका लागि प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति,



टेलिफोनः (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail: info@nepalicongress.org, Website : www.nepalicongress.org

सो क्षेत्रभित्रका केन्द्रीय महाधिवेशन प्रतिनिधि र प्रदेश अधिवेशन प्रतिनिधिको संयुक्त बैठक (एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लाको हकमा सो जिल्ला भित्र रहेका केन्द्रीय महाधिवेशन प्रतिनिधि र प्रदेश अधिवेशन प्रतिनिधिहरुको संयुक्त बैठक) बस्ने ।

१.२ सो बैठकले पार्टी विधानको धारा ३०, धारा ३३ (२) तथा धारा ६९ बमोजिमको योग्यता पुगेको व्यक्तिमध्येबाट प्रत्यक्षतर्फका लागि बढीमा एक महिला सहित तीन जना र समानुपातिकतर्फको लागि समावेशी सिद्धान्तलाई समेत ध्यानमा राखी कम्तिमा एक महिला सहित बढीमा दुई जनाको नाम निर्णय गरी **२०८२ मंसिर २३ गतेभित्र** जिल्ला कार्यसमितिमा (एक भन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लाको हकमा) पठाउनेछ ।

१.३ यसरी नाम सिफारिस गर्ने बैठकमा सहमती हुन सकेमा सहमतीबाट र सहमती हुन नसकेमा वहुमतबाट निर्णय गर्नु पर्नेछ ।

१.४ एक भन्दा वढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लाको प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिबाट यसरी सिफारिस भई आएका नाममा आफ्नो राय समेत उल्लेख गरी जिल्ला कार्यसमितिले **२०८२ मंसिर २६ गतेभित्र** प्रदेश कार्यसमितिमा पठाउनेछ ।

एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा वुँदा नं. १.१ मा उल्लेख गरिए बमोजिमको प्रक्रिया पुऱ्याई बैठक बसी आफ्नो राय समेत उल्लेख गरी जिल्ला कार्यसमितिले **२०८२ मंसिर २५ गतेभित्र** उम्मेदवारको नाम प्रदेश कार्यसमितिमा पठाउनु पर्नेछ ।

१.५ प्रदेश कार्यसमितिले प्राप्त नाममा आफ्नो राय समेत उल्लेख गरी **२०८२ मंसिर मसान्तभित्र** केन्द्रमा पठाउनेछ ।

२. संवत् २०८२ साल माघ ११ गते सम्पन्न हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि उम्मेदवारको नाम सिफारिश गर्न विधान बमोजिम प्रदेश कार्यसमितिले देहाय बमोजिमको कार्य गर्नु पर्नेछ

नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) को धारा ३२ को उपधारा (९) (क) बमोजिम– **"प्रत्येक प्रदेश कार्यसमितिले नेपालको संविधानको धारा ८६ उपधारा २ (क) बमोजिम निर्वाचित हुने राष्ट्रिय सभा सदस्यको लागि मातहतका जिल्लाबाट योग्यता पुगेका सम्भावित नामको सूची माग गरी प्राप्त नाम मध्येबाट एक सिटका लागि तीन जनाको नाम सहमति हुन सकेमा सहमति अनुसार र सहमति हुन नसकेमा बहुमतबाट निर्णय गरी केन्द्रमा पठाउनेछ"** भन्ने उल्लेख गरिएको छ ।

सो अनुसार आफ्नो प्रदेशबाट राष्ट्रिय सभामा निर्वाचित हुने प्रत्येक सिटका लागि ३/३ जनाका दरले योग्यता पुगेका (विधानको धारा ३० : उम्मेदवारको योग्यता तथा धारा ६९ बमोजिम) सम्भावित नामको सूची **२०८२ मंसिर मसान्तभित्र** पार्टीको केन्द्रीय कार्यालयमा पठाउनु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।



टेलिफोन: (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail: info@nepalicongress.org, Website : www.nepalicongress.org

CamScanner

३. **उम्मेदवारको नाम सिफारिस गर्दा अनिवार्य रुपमा विशेष ध्यान दिनु पर्ने थप विषयहरु :**

३.१ नेपाली कांग्रेसको विधान २०१७ (संशोधन सहित) को धारा ३० बमोजिमको योग्यता पुगेको व्यक्ति हुनु पर्ने ।

३.२ जातीय विभेद, घरेलु हिंसा, बाल श्रम वा अन्य कुनै पनि प्रकृतिका सामाजिक विसंगतिमा दोषी ठहर भएका व्यक्ति नेपाली कांग्रेसको उम्मेदवार बन्न अयोग्य हुनेछन् ।

३.३ २०७९ सालको निर्वाचनमा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदमा समानुपातिकतर्फबाट निर्वाचित भएको व्यक्तिको नाम पार्टी विधानको धारा ३३ (२) बमोजिम आगामी २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य समानुपातिकतर्फको उम्मेदवार हुन पाउने छैनन् ।

३.४ प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को समानुपातिकको बन्दसूचीमा समावेश भएका व्यक्तिहरुको नाम प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ का लागि उम्मेदवार सिफारिश गर्न पाइने छैन ।

३.५ तोकिएको उम्मेदवारको संख्या भन्दा बढी नाम सिफारिस गर्न पाइनेछैन ।

३.६ प्रतिनिधि सभा प्रत्यक्ष, समानुपातिक र राष्ट्रिय सभा सदस्य पद मध्ये कुनै एक व्यक्ति एक पदका लागि मात्र सिफारिश गर्नु पर्नेछ ।

३.७ प्रतिनिधि सभा सदस्य पदको उम्मेवारको लागि नेपाली नागरिकताको प्रमाणपत्र र मतदाता परिचय पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३.८ प्रतिनिधि सभा समानुपातिक तर्फका सिफारिश भएका उम्मेदवारहरुको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, मतदाता परिचय पत्रको प्रतिलिपी, मतदाता नामावली नाम समावेश भएको निस्सा, उम्मेदवार हुनका लागि पार्टी केन्द्रबाट तोकिएको प्रतिवद्धता पत्र र निर्वाचन आयोगले तोकेको स्वघोषणपत्र, उम्मेदवारको वैयक्तिक विवरण र सो घोषणा गरिने सम्पत्ति विवरण फारममा हस्ताक्षर गरेको हुनु पर्नेछ ।

३.९ संवत् २०७९ मा सम्पन्न स्थानीय तह निर्वाचनमा पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधिहरुलाई उम्मेदवार सिफारिश गर्न पाइनेछैन ।

३.१० पार्टी विधानको धारा ६९ बमोजिम पार्टीका क्रियाशील सदस्य, विभिन्न तह र जिम्मेवारीमा रहेका पदाधिकारी र सदस्यहरुले तोकिए बमोजिमको सहयोग रकम (लेवी) तोकिए बमोजिमको पार्टी निकायमा अनिवार्य बुझाउनु पर्नेछ । सहयोग रकम (लेवी) नबुझाउने त्यस्ता कुनै पनि व्यक्ति कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

**जय नेपाल !**

कृष्णप्रसाद पौडेल
**मुख्य सचिव**



टेलिफोनः (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail: info@nepalicongress.org, Website : www.nepalicongress.org

CamScanner

श्री सभापतिज्यू,

............................................ कार्यसमिति
नेपाली कांग्रेस ।

**प्रतिवद्धता-पत्र**

२०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य पदको निर्वाचन प्रयोजनको लागि नेपाली कांग्रेसको तर्फबाट बन्ने उम्मेदवार छनोटका क्रममा, नेपाली कांग्रेसको विधान बमोजिम नेपाली कांग्रेस ...................................................कार्यसमितिले प्रतिनिधि सभा सदस्य (प्रत्यक्षतर्फ/समानुपातिकतर्फ) मेरो नाम समावेश गरी सिफारिस गरेकोमा हार्दिक धन्यवाद प्रकट गर्दछु ।

नेपालको ऐतिहासिक लोकतान्त्रिक पार्टी नेपाली कांग्रेसको तर्फबाट प्रतिनिधि सभा सदस्य ( प्रत्यक्ष/समानुपातिक) पदको उम्मेदवारको रूपमा पार्टीले विश्वास गरेमा उक्त जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्नेछु । पार्टीले तय गरेका अन्य उम्मेदवारलाई विजयी गराउन कटिवद्ध रहनेछु । साथै, पार्टीको आदर्श, सिद्धान्त, मुल्य र मान्यताप्रति पूर्ण प्रतिवद्धता जनाउँदै, देश, जनता र लोकतन्त्रको सर्वोपरी हितलाई ध्यानमा राखी आसन्न प्रतिनिधि सभा सदस्य पदको निर्वाचनमा आवश्यकता र अवस्था अनुसार पार्टीले गरेको जुनसुकै निर्णय र प्रदान गरेको जिम्मेवारीलाई शिरोधार्य गरी पार्टीको निर्णय अनुरुप सम्पूर्ण रुपमा क्रियाशील रहन प्रतिवद्ध छु, रहनेछु ।

जय नेपाल !

दस्तखत : ............................
नाम : ................................
मिति : ................................

## सन्दर्भ सामाग्री– नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) को केही धारा र उपधाराहरु

३०. <u>उम्मेदवारको योग्यता :</u>

(१) देहाय बमोजिमको योग्यता भएको नेपाली नागरिक नेपाली कांग्रेसका तर्फवाट राज्यको कुनै पनि तहको पदमा उम्मेदवार हुन योग्य मानिने छ ।

(क) नेपाली कांग्रेसको क्रियाशील सदस्य भएको ।
तर, कुनै राजनीतिक दल नेपाली कांग्रेसमा समाहित वा एकीकरण भएकोमा वा अन्य राजनीतिक दलमा काम गरी नेपाली कांग्रेसमा प्रवेश गरेको व्यक्तिको हकमा केन्द्रीय कार्यसमितिले निर्णय गरे बमोजिम हुनेछ ।

(ख) नेपाली कांग्रेसद्धारा सञ्चालन गरिएका विभिन्न कार्यक्रम, अभियान र आन्दोलन समेतका गतिविधिमा सक्रिय रूपले भाग लिएको ।

(ग) निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवारको पक्षमा सक्रियतापूर्वक काम गरेको ।

(घ) प्रचलित कानुनले उम्मेदवार हुन योग्य भएको ।

(ङ) समाजमा विकास निर्माण, रचनात्मक तथा सामाजिक कार्यमा क्रियाशील रहेको ।

(च) उच्च नैतिक चरित्र भएको ।

३२. **<u>उम्मेदवारीको सिफारिस, निर्णय र अनुमोदन सम्बन्धी व्यवस्था :</u>**

**(८) प्रतिनिधि सभा सदस्यको उम्मेदवारी :**

(क) प्रतिनिधि सभा सदस्यको प्रत्यक्ष र समानुपातिकतर्फको उम्मेदवारीका लागि प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, केन्द्रीय महाधिवेशन प्रतिनिधि र प्रदेश अधिवेशन प्रतिनिधिको संयुक्त बैठकले योग्यता पुगेको व्यक्तिमध्येवाट प्रत्यक्षतर्फका लागि बढीमा तीन जनाको र समानुपातिकतर्फको लागि समावेशी सिद्धान्तलाई समेत ध्यानमा राखी कम्तिमा एक महिला सहित बढीमा दुई जनाको नाम सहमति हुन सकेमा सहमति अनुसार र सहमति हुन नसके बहुमतबाट निर्णय गरी जिल्ला कार्यसमितिमा सिफारिस गरी पठाउनेछ । सिफारिस गर्ने बैठक प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले बोलाउनेछ र प्रतिनिधि सभा क्षेत्रीय कार्य समितिका सभापतिले बैठकको अध्यक्षता गर्नेछ ।

**(९) राष्ट्रिय सभा सदस्यको उम्मेदवारी :**

(क) प्रत्येक प्रदेश कार्यसमितिले नेपालको संविधानको धारा ८६ उपधारा २ (क) बमोजिम निर्वाचित हुने राष्ट्रिय सभा सदस्यको लागि मातहतका जिल्लाबाट योग्यता पुगेका सम्भावित नामको सूची माग गरी प्राप्त नाममध्येबाट एक सिटका लागि तीन जनाको नाम सहमति हुन सकेमा सहमति अनुसार र सहमति हुन नसके बहुमतबाट निर्णय गरी केन्द्रमा पठाउनेछ ।

३३. **<u>उम्मेदवारीबारे अन्य व्यवस्था :</u>**

(२) प्रतिनिधि सभा र प्रदेश सभा सदस्यमा पार्टीको तर्फबाट समानुपातिक आधारमा निर्वाचित व्यक्ति तत्काल त्यसपछिको प्रतिनिधि सभा वा प्रदेश सभामा पार्टीको तर्फबाट समानुपातिक आधारमा पुनः उम्मेदवार हुन पाउने छैन ।

४३. **<u>पदावधिः</u>** पार्टीका सबै तह र निकायका पदाधिकारी तथा सदस्यहरूको पदावधि चार वर्षको हुनेछ । असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्नेछ ।

६९. पार्टीका क्रियाशील सदस्य, विभिन्न तह र जिम्मेवारीमा रहेका पदाधिकारी र सदस्यहरूले तोकिए बमोजिमको सहयोग रकम (लेवी) तोकिए बमोजिमको पार्टी निकायमा अनिवार्य बुझाउनु पर्नेछ । यसरी प्राप्त हुने सहयोग रकम (लेवी) विभिन्न तहमा बाँडफाँडको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

तोकिए बमोजिमको सहयोग रकम (लेवी) नबुझाउने व्यक्तिको क्रियाशील सदस्यता नवीकरण हुने छैन । साथै, स्थानीय तह, प्रदेश र संघीय संसदीय निर्वाचन र पार्टीको महाधिवेशन तथा महासमिति लगायत कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।